# बाह्रविसे नगरपालिकाको १३ औं नगर सभामा

२०८० असार ९ गते शनिवार

बाह्रविसे नगरपालिकाका उप-प्रमुख श्री मन्जु तामाङले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य

बाह्रविसे नगरपालिका

२०८०

https://barhabisemun.gov.np/

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

१. नेपालको सविधान २०७२ को धारा २३० र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम बाह्रविसे नगरपालिकाको उपप्रमुखको हैसियतले यस गरिमामय सभामा बाह्रबिसे नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को आय र व्यय अनुमान प्रस्तुत गर्न उपस्थित भएको छु । प्रस्तुत बजेटलाई कृषि, पूर्वाधार, सहकारी, पर्यटन र उद्यमशीलताको विकासबाट समृद्धको यात्रा प्रस्थान गर्ने बजेटको रुपमा प्रस्तुत गरेको छु ।

२. यस अवसरमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान र लोकतन्त्र लागि भएका विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यी आन्दोलनहरुमा नेतृत्व र बलिदान गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३. अर्थतन्त्रमा देखिएका समस्या सम्बोधन गर्न विकासको संवाहकको रुपमा भएका कृषि, पूर्वाधार, सहकारी र पर्यटनमा लगानी केन्द्रित गरी उच्च, दिगो र फराकिलो वृद्धि सहितको सवल नगर निर्माण गर्ने तर्फ आगामी आ.व २०८०।०८१ को बजेट निर्देशित गरेको छु । नगरवासीको विकास र समृद्धिको चाहानालाई संवोधन गर्ने र सीमान्तकृत तथा पिछडिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

४. आगामी बजेट, आय वृद्धि, रोजगारी सिर्जना र सामाजिक न्याय सहितको समृद्धि कायम गर्ने तर्फ परिलक्षित हुनेछ । प्रस्तुत बजेट कृषि, पूर्वाधार निर्माण, लघु उद्यम प्रर्वद्धन गर्ने, आन्तरिक रोजगारी सिर्जना गर्ने, स्थानीय स्रोत, साधनको प्रभावकारी एवं परिणाममुखी परिचालन गर्दै गरिवी न्यूनीकरण गर्ने दिशा तर्फ उन्मुख रहेको छ ।

५. आगामी आ.व. को बजेट तर्जुमा गर्दा जनअपेक्षालाई संवोधन गर्दै नगरवासीमा आशा र भरोसाको संचार गर्ने जिम्मेवारी वोध गरेको छु । राजनीति दलहरु, जनप्रतिनिधिहरु, सार्वजनिक प्रशासन, निजी क्षेत्र, गैर सरकारी संस्था, नागरिक समाज, सञ्चार जगत र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट नगरको चुनौती सामना गर्दै सम्भावनको अधिकतम उपयोगद्धारा बजेटका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

**सभाका आदरणीय अध्यक्ष महोदय,**

आ.व २०७९/०८० को बजेटको समीक्षा गर्न गई रहेको छु ।

आ.व २०७९/०८० को कुल बजेटः रु.६७ करोड ७९ लाख ३५ हजार ५ सय ५४ रुपैयाँ ४४ पैसामा चालूतर्फः रु. ४४ करोड २६ लाख ३९ हजार, पूँजीगत तर्फ : २३ करोड ५२ लाख ९६ हजार ५ सय ५४ रुपैयाँ ४४ पैसा विनियोजन भएकोमा असार ९ गते सम्म चालू खर्च तर्फ ७६.५३ % खर्च तथा पूँजीगत खर्च ५९.५८ % भएको छ ।

**सभाका आदरणीय अध्यक्ष महोदय,**

आ.व. २०८०/०८१ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्न गहिरहेको छु ।

आ.व २०८०/०८१ को उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. अर्थतन्त्रलाई गतिशिल बनाउदै उच्च, दिगो र समावेशी आर्थिक वृद्धि गर्ने,

२. सीमित साधन तथा स्रोतको उच्चतम प्रयोग गरी सामाजिक विकास, सुरक्षा र सामाजिक न्याय प्रत्याभूत गर्ने,

३. स्थानीय तहको कृषि, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार लगायतका क्षेत्रमा लगानी केन्द्रित गर्दै रोजगारी सृजना गर्ने,

४. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई सूचना प्रविधिमैत्री बनाउने,

५. सार्वजनिक खर्च प्रणालीलाई गुणस्तरीय बनाई वित्तीय सुशासन कायम गर्ने ।

**सभाका आदरणीय अध्यक्ष महोदय,**

बजेटका प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु ।

**बजेटका प्राथमिकताहरु देहाय वमोजिम रहेका छनः**

१. कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि,

२. गुणस्तरीय स्थानीय पूर्वाधार निर्माण,

३. सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा,

४. वातावरण संरक्षण र विपद व्यवस्थापन,

५. गुणस्तरीय मानव पूँजी निर्माण र रोजगारी सिर्जना,

६. पर्यटकीय क्षेत्रको विकास र विस्तार,

७. सेवा प्रवाहमा सुधार र सुशासन,

८. स्थानीय प्राकृतिक स्रोत तथा साधनको कुशल परिचालन

**सभाका आदरणीय अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८०/०८१ को आयको अनुमान पेश गर्न गइरहेको छु।

१) नेपालको संविधान अनुसार नेपाल सरकारले स्थानीय तहलाई दिने वित्तीय हस्तान्तरण अनुदान अन्तर्गत संघीय समानिकरण १३ करोड ३४ लाख, संघीय सर्शत अनुदान अन्तर्गत २३ करोड ७९ लाख आय प्रस्तावित भएको छ।

२) संघीय राजश्वबाट ९ करोड ३३ लाख ८ हजार ६ सय आय प्रस्तावित गरिएको छ।

३) संघीय समपुरकमा ५० लाख तथा संघीय विशेषमा ५० लाख अनुमान प्रस्ताव गरिएको छ।

४) बागमती प्रदेश सरकारबाट प्रदेश समानिकरण अनुदान अन्तर्गत १ करोड ४३ लाख ६ हजार र प्रदेश सःशर्त अनुदान अन्तर्गत २ करोड ४१ लाख ४६ हजार, प्रदेश समपुर अनुदान १ करोड र बागमती प्रदेश विशेष अनुदान ५० लाखको अनुमान प्रस्तावित भएको छ।

५) प्रदेश राजश्व बाँडफाडबाट ५ करोड ५६ लाख ४८ हजार ५ सय ९२ रुपैया ९९ पैसा अनुमान प्रस्ताव गरिएको छ।

६) स्थानीय राजश्व बाँडफाडबाट ७२ लाख ६० हजार आय हुने अनुमान गरेको छु। त्यस्तै आन्तरिक स्रोतबाट ३० लाखको अनुमान गरेको छु।

**सभा अध्यक्ष महोदय,**

सामाजिक उत्तरदायित्व अन्तर्गत बाह्रविसे नगरपालिकामा संचालित जलविद्युत विकास आयोजनाहरुबाट देहाय बमोजिमका आय अनुदानको रुपमा प्राप्त हुने अनुमान गरेको छु।

१) मध्यभोटेकोशी जलविद्युत कम्पनी लि. १ करोड ६ लाख,

२) मध्यभोटेकोशी शिक्षक तलब १९ लाख ३२ हजार,

३) माथिल्लो भोटेकोशी कम्पनी लि. ९ लाख,

४) सानिमा हाइड्रो पावर कम्पनी लि. ३ लाख गरी कूल जम्मा ६० करोड २२ लाख ६२ हजार १ सय ९२ रुपैया ९९ पैसा अनुमान गरिएको छ।

**सभा अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७९/०८० को विनियोजित बजेटबाट ३० लाख रकम यस आर्थिक वर्षमा प्राप्त हुने अनुमान गरेको छु।

**सभा अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८०/०८१ को व्यय तर्फको प्रस्तावित अनुमान पेश गर्दछु।

१) वडाहरुको समानुपातिक विकासको लागि ४ करोड ५० लाख विनियोजन गरेको छु।

२) संघीय सःर्शत कार्यक्रम खर्चका लागि २३ करोड ७९ लाख प्रस्ताव गरिएको छ।

३. शिक्षा तर्फः २ करोड ६० लाख र स्वास्थ्य तर्फ ६० लाख व्ययको प्रस्ताव गरिएको छ।

४. कृषि तथा पशुपन्छी तर्फः १ करोड र दलित उत्थानमा २० लाख, जनजाती उत्थानमा १५ लाख र महिला बालबालिकामा २० लाख व्ययको अनुमान गरिएको छ।

५. उद्योग पर्यटन र सहकारी लागि ३० लाख, पूर्वाधार तर्फः ३ करोड ८० लाख, खेलकुद तर्फः २० लाख,

६. जनतासँग नगरप्रमुख तर्फ ४५ लाख २७ हजार र विपद व्यवस्थापनमा १ करोड व्ययको अनुमान पेश गरको छु।

७ समपुरक कोषमा १ करोड २० लाख र संघीय समपुरकमा ५० लाख र प्रदेश विशेष अनुदान तर्फ ५० लाखको व्ययको प्रस्ताव गरिएको छ। सामाजिक उत्तरदायित्व तर्फ १ करोड ३७ लाख २२ हजार गरी कुल ६० करोड २२ लाख ६२ हजार १ सय ९२ रुपैया ९९ पैसा अनुमान गरेको छु।

**सभा अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८०/०८१ को आय र व्यय अनुमान प्रस्तुत गर्दछु।

**कूल आयः** ६० करोड २२ लाख ६२ हजार १ सय ९२ रुपौया ९९ पैसा।

**पूँजीगत व्ययः** ४० करोड २५ लाख

**चालू व्ययः** २० करोड ३८ लाख ६२ हजार १ सय ९२ रुपौया ९९ पैसा पेश गेरको छु।

**सभा अध्यक्ष महोदय,**

समष्टिगत राष्ट्रिय अर्थतन्त्रमा आउन सक्ने उतारचढाब र अस्थिरता विपद तथा जलवायू जन्य प्रकोपको जोखिमले बजेट कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलमा असर पुग्न सक्दछ । सम्भावित जोखिमको न्यनीकरण गरी बजेट कार्यान्वयन गरिनेछ ।

प्रस्तुत बजेट तर्जुमाको क्रममा प्राप्त मार्ग दर्शनका लागि नगर प्रमुख ज्यू, वडा अध्यक्षज्यू, तथा राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक सम्मान र आभार व्यक्त गर्दछु ।

बजेट तर्जुमा प्रकृयामा अमूल्य सुझाव प्रदान गर्ने राजनीतिक दल, नागरिक समाज, निजी तथा सहकारी क्षेत्र, तथा संचार जगतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस बजेटको कार्यान्वयनमा सबैको सहयोग रहने विश्वास लिएको छु ।

अन्त्यमा, पस्तावित आय व्ययको अनुमानको सफल कार्यान्वयनबाट बाह्रविसे नगरपालिकाले आर्थिक, समाजिक, साँस्कृतिक, राजनीतिक लगायतका क्षेत्रमा थप गतिशीलता प्राप्त गरी समृद्ध नेपाल सुखी नेपालीको गन्तव्य हासिल गर्न सक्नेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

मन्जु तामाङ

उप- प्रमुख